# खिजीदेम्वा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खिजीफलाटे, ओखलढुंगा

**नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन् , संकलन तथा बिकी सम्बन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/०४/२६

खिजीदेम्वा गाउँपालिका गाउँपालिकाको निर्णय वमोजिम आ.व. २०७६/०७७ को लागि यस कार्यालयले निर्धारण गरेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी खिजीदेम्वा गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका स्थानहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली फर्म, संस्था वा कम्पनीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का विवरण | अधिकतम परिमाण (घनफिट) | न्यूनतम अंक (मु.अ.क.बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद ग अवधि |
|---|---|---|---|---|---|---|
| Kh/१/०७६/०७७ | खिजीदेम्वा गाउँपालिका वडा नं. १ लिखु खोला क्षेत्र GPS Coordinates Easting २७.४६४६००° र Northing ८६.२७७११३° | ७९,४५८ क्युव फिट | ३,९७,२९०। (तीन लाख सन्तानब्बे हजार दुई सय नब्बे रुपैयाँ) | ३,०००/- (तिन हजार मात्र) | कवोल अंकको ५ (पाँच) प्रतिशत | ३० दिन भित्र |
| Kh/२/०७६/०७७ | खिजीदेम्वा गाउँपालिका वडा नं. ७ लिखु खोला क्षेत्र GPS Coordinates Easting २७.५०६८५७° र Northing ८६.३२८१२९° | ३,९५,५२५ क्युव फिट | १९,७७,६२५। (उन्नाईस लाख सत्तहतर हजार छ सय पच्चीस रुपैयाँ) | ३,०००/- (तिन हजार मात्र) | कवोल अंकको ५ (पाँच) प्रतिशत | ३० दिन भित्र |
| Kh/३/०७६/०७७ | खिजीदेम्वा गाउँपालिका वडा नं. ७ लिखु खोला क्षेत्र GPS Coordinates Easting २७.५१४१२१° र Northing ८६.३३३९८२° | १०,०६,४६९ क्युव फिट | ५०,३२,३४५। (पचास लाख बत्तीस हजार तीन सय पैतालीस रुपैयाँ) | ३,०००/- (तिन हजार मात्र) | कवोल अंकको ५ (पाँच) प्रतिशत | ३० दिन भित्र |
| Kh/४/०७६/०७७ | खिजीदेम्वा गाउँपालिका वडा नं. ७ लिखु खोला क्षेत्र GPS Coordinates Easting २७.५१९८९७° र Northing ८६.३३८५२५° | १,७६,५७३ क्युव फिट | ८,८२,८६५। (आठ लाख बयासी हजार आठ सय पैसठी रुपैयाँ) | ३,०००/- (तिन हजार मात्र) | कवोल अंकको ५ (पाँच) प्रतिशत | ३० दिन भित्र |

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ । खरिद भएको वोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा मात्र दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे

खिजीदेम्वा गाउँपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश, नेपाल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

३. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित यस कार्यालयको नाममा रहेको मेगा बैंक खिजीफलाटे शाखाको खाता नं. १०५००१०००९०८६ मा वोलपत्र फारम दस्तुर जम्मा गरेको सक्कल भौचर, फर्म, संस्था वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाण पत्र तथा आ.व. ०७४/०७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको मेघा बैंक खिजीफलाटे शाखामा रहेको धरौटी खाता नं. १०५००१०००९१६६ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस) दिन म्याद भएको जमानी पत्र (बीड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ । कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

५. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलव्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन, तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र बोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ ।

७. ढुंङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रीय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं पालिकास्तरीय अनुगमन समितिबाट निर्देशन भए वमोजिम हुनेछ ।

८. ढुंङ्गा, गिटी, बालुवाको उत्खननन्, संकलन तथा बिक्री कार्य गर्दा जिल्ला समन्वय समितिको कार्यालय ओखलढुंगाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

९. यस सूचनामा उल्लेख नभएका विषयहरु खिजीदेम्वा गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन, नियम वमोजिम हुनेछ ।

१०. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत